जनकपुरधाम उप-महानगरपालिका

জনকপুৰধামউপ-মহানগৰপালিকা

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- ०८१ /०८२

चलानी नं. :-

मिति २०८१/०८/०८

विषय : विज्ञप्ति जारी गरिएको ।

यस जनकपुरधाम उपमहानगरपालिका भित्र संचालित संस्थागत विद्यालयहरुमा अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ को प्रावधान अनुरुप संस्थागत विद्यालयले १०% विद्यार्थीहरुलाई निःशुल्क छात्रवृतिमा अध्यापन गराउनु पर्ने प्रावधान कार्यान्वयनका लागि यस कार्यालय बाट विद्यार्थीहरुको नामावली पठाइएकोमा सम्बन्धित विधालय र शिक्षण संस्था सम्वद्ध संगठनहरुले रजिष्ट्रेशन शुल्क र परिक्षा शुल्क मात्रै लिई गराउन नसकिने भन्दै थप अन्य शिर्षकमा शुल्क लिन पाउनु पर्ने भन्दै विद्यालयहरु वन्द गराइएको विषयमा विद्यालय सञ्चालन गराउन शिक्षण संस्था सम्वद्ध संगठन संग पटक-पटक छलफल/ वार्ता गरिएकोमा सो निःशुल्क छात्रवृति सम्बन्धि व्यवस्था कार्यान्वयन गर्न आनाकानी गरी वार्ता निष्कर्ष विहिन भएको सम्वन्धमा मिति २०८१।०८।०९ गते आईतवारका दिन देखि सम्पुर्ण संस्थागत विद्यालय सुचारु गरी विद्यार्थीको शिक्षा प्राप्त गर्न पाउने संवैधानिक शिक्षा सम्बन्धि हकको कार्यान्वयन गर्न अनुरोध गर्दछौं । उपरोक्तानुसार अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ र ऐ को नियमावली २०७७ को व्यवस्था अनुसार निःशुल्क छात्रवृति सम्बन्धि व्यवस्था कार्यान्वयन नगरे वा विद्यालय वन्द राखेमा कानुन वमोजिम कार्यवाही गर्न वाध्य हुने व्यहोरा सरोकारवाला सबैको जानकारीको लागि यो विज्ञप्ति जारी गरिएको छ ।

(धिरेन्द्र लाल कर्ण)

नि. प्रमुख प्रशासकीय अधिकृत